# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, माघ २६ गते २०२१ साल [अतिरिक्ताङ्क २६ (क)

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालय

निम्नलिखित आदेश, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरूसहित) को दफा २ र दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

निम्नलिखित प्रत्येक बिकास जिल्लाको निमित्त स्थानीय बडाहाकिम वा सो पदको काम गर्ने अञ्चलाधीश १।१ जना सदस्य भएको विशेष अदालतहरू गठन गरिएको छः–

जिल्लाहरुको नाम

| | | |
|---|---|---|
| १. दार्चुला | २. बैतडी | ३. डडेलधुरा |
| ४. कञ्चनपुर | ५. बझांग | ६. बाजुरा |
| ७. डोटी | ८. अछाम | ९. हुम्ला |
| १०. मुगु | ११. जुम्ला | १२. तिब्रिकोट |
| १३. दैलेख | १४. जाजरकोट | १५. सुर्खेत |
| १६. बांके | १७. डोल्पा | १८. मुस्तांग |



२०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १९. म्याग्दी | २०. बाग्लुङ्ग | २१. रुकुम |
| २२. रोल्पा | २३. सल्यान | २४. प्यूठान |
| २५. दांग देउखुरी | २६. गुल्मी | २७. अर्घाखाँची |
| २८. पाल्पा | २९. कपिलवस्तु | ३०. रुपन्देही |
| ३१. नवल परासी | ३२. मनाङ्ग | ३३. कास्की |
| ३४. लमजुङ्ग | ३५. गोरखा | ३६. स्यांजा |
| ३७. तनहूँ | ३८. पर्वत कुश्मा | ३९. दोलखा |
| ४०. रामेछाप | ४१. सिन्धुली | ४२. सर्लाही |
| ४३. महोत्तरी | ४४. धनुषा | ४५. सोलुखुम्बु |
| ४६. ओखलढुङ्गा | ४७. खोटाङ्ग | ४८. भोजपुर |
| ४९. उदयपुर | ५०. सिराहा | ५१. सप्तरी |
| ५२. संखुवा सभा | ५३. तेह्रथुम | ५४. धनकुटा |
| ५५. सुनसरी | ५६. मोरङ्ग | ५७. ताप्लेजुङ्ग |
| ५८. पाँचथर | ५९. इलाम | |

उक्त विकास जिल्लाहरूका भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२, दफा ५४, दफा ५८ को उप-दफा (२) र दफा ५९ को उप-दफा (२) अन्तर्गतका मुद्दा मामिला तथा अपीलसमेत सोही जिल्लाको निमित्त गठित उक्त विशेष अदालतबाट हेरी कारबाइ र किनारा लगाउने गरी सुम्पिएको छ ।

आज्ञाले:—
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।